संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ५८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल भदौ ७ गते मंगलबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान १०:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विधेयक प्रस्तुतकर्ता मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" प्रस्तुत गर्नुभयो ।

यसैबीच मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले विधेयक प्रस्तुत गर्ने क्रममा मा० श्री खगराज अधिकारीले नियमापत्ति गर्नुहुँदै मा० मन्त्रीले विधेयकको अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभएको हो कि सैद्धान्तिक छलफलको जवाफ दिनुभैरहेको हो र उहाँले नियमावलीको कुन नियम बमोजिम बोल्दै हुनुहुन्छ सो कुराको जानकारी माग गर्नुभएपछि सम्माननीय सभामुखले मा० मन्त्रीको ध्यानाकर्षण गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल भदौ १३ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक बिहान ११:०५ बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव